# शिक्षाध्यक्षको कार्यालय
**OFFICE OF THE RECTOR**

## अनुसन्धान निर्देशनालय
**RESEARCH DIRECTORATE**

त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौ,
नेपाल ।

Tribhuvan University
Kirtipur, Kathmandu,
Nepal.


Ref. No./ प.सं.फा.
च.नं.

अनुसन्धान निर्देशनालय
शिक्षाध्यक्षको कार्यालय
त्रि.वि. कीर्तिपुर

Date/ मिति: २०८०/०६/२३

विषय :– <u>लघु अनुसन्धान (Small Research) प्रस्ताव आव्हान गरिएको बारे ।</u>

यस निर्देशनालयवाट आ.व. २०८० ०८१ को नियमित लघु अनुसन्धान परियोजना कार्यक्रम अनुसार प्रति लघु अनुसन्धान रु. २,००,०००।– (अक्षरेपी रु. दुई लाख मात्र) अनुसन्धान खर्चमा स्वीकृत गरिएका जम्मा ३० वटा लघु अनुसन्धान परियोजना त्रिभुवन विश्वविद्यालयको आर्थिक अनुदानमा सञ्चालन गरिने व्यहोरा जानकारी गराइन्छ । यसै सन्दर्भमा विश्वविद्यालयका विभाग, कार्यालय, क्याम्पसहरूमा कार्यरत अनुसन्धान गर्न इच्छुक करार, अस्थायी र स्थायी शिक्षक तथा कर्मचारीहरुबाट आफ्नो विशिष्ट रुचिगत विषय (Specialization Subject) र त्रि. वि. को शिक्षण अनुसन्धान कार्यमा सहयोग पुऱ्याउन सक्ने किसिमका लघु अनुसन्धान कार्यका लागि संलग्न निर्देशिका एवं मापदण्ड (Website:www.tu.edu.np) अनुसार तीन प्रति अनुसन्धान प्रस्ताव (Research Proposal) यस निर्देशनालयमा **मिति २०८० साल मंसिर २२ गते दिउँसो २ वजे भित्र** बुझाउनका लागि सम्वन्धित सबै शिक्षक/कर्मचारीहरुलाई आव्हान गरिन्छ ।

आर्थिक वर्ष २०७८/०७९ र २०७९/०८० मा यस निर्देशनालयवाट लघु अनुसन्धान कार्य गर्ने अवसर पाएका व्यक्तिहरुको लागि यो सुविधा दिइने छैन साथै विश्वविद्यालय अनुदान आयोग, डीनको कार्यालय वा त्रि.वि. अन्तर्गतका अन्य निकायबाट सञ्चालित अनुसन्धान परियोजनामा संलग्न भएको वा अध्ययन विदा, स्वअध्ययन विदा र बेतलवी विदा उपभोग गरिरहेका व्यक्तिहरुको अनुसन्धान प्रस्ताव मान्य नहुने व्यहोरा समेत सूचित गरिन्छ । निकाय प्रमुख भन्दा अन्य व्यक्तिले प्रमाणित गरेको, संलग्न निर्देशिका अनुसार नभएको र तोकिएको समय भन्दा ढिलो गरी यस निर्देशनालयमा प्राप्त भएकाप्रस्तावहरू छनौटका लागि समावेश नगरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

प्रा. डा. ईश्वर कोइराला
निर्देशक

निर्देशक


टेलिफोन: ४३३१८६७, फ्याक्स: ९७७-१-४३३१९६४, E-mail: research@tribhuvan-university.edu.np पोष्ट बक्स नं. ८२१२

## शिक्षाध्यक्षको कार्यालय,

## अनुसन्धान निर्देशनालय, त्रि. वि., कीर्तिपुरको सूचना

त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान निर्देशनालय, कीर्तिपुरद्वारा आ.व. २०८०/०८१ को नियमित ३० वटा लघु अनुसन्धान कार्यक्रमका लागि त्रि. वि. शिक्षक/कर्मचारीहरुबाट मिति **२०८० साल मंसिर २२ गते दिउँसो २ वजे** भित्र यस निर्देशनालयमा आइपुग्ने गरी प्रस्ताव आव्हान गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

<u>यस निर्देशनालयमा बुझाउने सामग्री र तरिकाः</u>

**१. अनुसन्धान प्रस्ताव थान ३ (लुज वाइन्डिङ्ग)**

**२. बायोडाटा थान १**

**३. सम्बन्धित क्याम्पसको पत्र थान १**

**४. स्नातकोत्तर तहको प्रमाणित Transcript को फोटोकपी थान १**

**५. यी सवै सामग्रीहरु नेपाली फाइलमा राखी ल्याउनु पर्नेछ ।**

**६. निवेदन**

**७. फाइलमा लेखिनु पर्ने विवरणः**

**(क) नाम**
**(ख) पद**
**(ग) क्याम्पस/विभाग**
**(घ) संकाय/अध्ययन संस्थान**
**(ङ) विषय**
**(च) मोवाइल नम्बर**
**(छ) इ–मेल (विश्वविद्यालयद्वारा प्रदान गरेको)**
**(ज) बर्ष (२०८०/०८१)**

निर्देशक

अनुसन्धान निर्देशनालय

# लघु अनुसन्धान प्रस्ताव दर्ताका लागि आवश्यक कागजातहरुको विवरण

(क) तीन (३) प्रति प्रस्ताव (Proposal)

(ख) एक (१) प्रति व्यक्तिगत विवरण

(ग) क्याम्पस प्रमुख/कार्यालय प्रमुखको सिफारिस पत्र

सिफारिस पत्रमा निम्न कुराहरु अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ ।

१. प्रस्तावकले आ. व. २०८०/०८१ मा विश्वविद्यालय अनुदान आयोग, त्रि. वि. डीनको कार्यालयहरु तथा त्रि.वि.का अन्य निकायको आर्थिक सहयोगमा सञ्चालित कुनै अनुसन्धान कार्यमा संलग्न नभएको साथै यी निकायहरूबाट अनुदान प्राप्त गरी अनुसन्धान कार्यमा संलग्न भएको भए परियोजना पूर्ण भएको व्यहोरा खुलाइएको ।

२. प्रस्ताव आह्वान गरेको मिति देखि अध्ययन बिदा, स्वअध्ययन बिदा तथा वेतलवी बिदा उपभोग नगरेको ।

(विस्तृत जानकारीका लागि लघु अनुसन्धान सम्बन्धी निर्धारित मापदण्ड २०६७ हेर्नु होला । )

# लघु अनुसन्धान सम्बन्धि निर्धारित मापदण्ड

# २०६७

**आवेदकहरुको लागि आवश्यक पर्ने योग्यता**

१ लघु अनुसन्धान प्रस्तावका लागि आवेदन दिने व्यक्ति त्रि. वि. को करार, अस्थायी र स्थायी शिक्षक वा कर्मचारी हुनु पर्ने र कम्तिमा स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तिर्ण भएको हुन पर्ने ।

२. आवेदक त्रि. वि. को स्थायी शिक्षक/कर्मचारी हुने भएकोले यस किसिमको कार्यक्रममा आवेदकको हकमा समावेश वा आरक्षणको कुनै किसिमको व्यवस्था लागु नहुने ।

३. लघु अनुसन्धान प्रस्तावको लागि सूचना प्रकाशित भएपछि अन्तिम छनौट नहुन्जेल त्रि. वि. वाट अध्ययन, स्वअध्ययन वा वेतलवी बिदा लिएको हुन नहुने ।

**मूल्याङ्कनका आधार (Evaluation Criteria )**

१. आवेदित प्रस्तावहरुको छनौटको आधार खुल्ला प्रतिस्पर्धा र अनुसन्धान प्रस्तावको मूल्याङ्कन हुनेछ ।

२. प्रस्तावको छनौटमा उपयुक्त मूल्याङ्कन विधि अपनाइने छ । त्यसका लागि देहाय अनुसारको प्रक्रिया लागु गरिने छ :–

(क) आवेदकले पेश गरेको प्रस्तावहरुको मूल्याङ्कन सम्बन्धित विषय विज्ञहरुबाट गराइनेछ । मूल्याङ्कनकर्ता त्रि. वि. वा त्रि. वि. बाहिरका विद्यावारिधि प्राप्त गरेका र अनुसन्धानको क्षेत्रमा राम्रो ज्ञान भएका योग्य व्यक्ति हुनु पर्ने छ । त्यस्तो मूल्याङ्कनकर्ताहरुको छनौट अनुसन्धान निर्देशनालयबाट हुने छ ।

(ख) प्रतिस्पर्धाको लागि योग्य हुने कुनै पनि प्रस्तावमा मूल्याङ्कनकर्ताबाट पूर्णाङ्कको ५० प्रतिशत अंक अनिवार्य रुपमा प्राप्त गरेको हुनपर्ने छ । ५० प्रतिशतभन्दा कम अंक प्राप्त गर्नेलाई प्रतिस्पर्धामा समावेश गरिने छैन ।

३. छनौट प्रक्रियाबाट योग्य ठहरिएका आवेदकहरुको मात्र योग्यता सूची प्रकाशित गरी उनीहरुलाई मात्र दोस्रो चरणको मौखिक प्रस्तुतीकरणको प्रक्रियामा समावेश गराइनेछ ।

४. यस प्रयोजनको निमित प्रथम चरणको कुल १०० पूर्णाङ्कमा ८० प्रतिशत प्राविधिक प्रस्ताव मूल्याङ्कनको र २० प्रतिशत मौखिक प्रस्तुतीकरणको हुनेछ । मौखिक प्रस्तुतीकरणको प्रक्रियामा समेत आवेदकले पूर्णाङ्क (२०) को न्यूनतम ५० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ ।

५. प्रस्ताव मूल्याङ्कन प्रयोजनका निमित्त नियुक्त मूल्याङ्कनकर्ताहरुको लागि अनुसूची (क) र (ख) मा उल्लेख गरिए बमोजिमको फारम प्रयोग गर्नुपर्ने छ ।

६. (क) प्रस्ताव स्वीकृतिको लागि दुई चरणको मूल्याङ्कनलाई आधार मानिनेछ । प्रथम चरणको प्रक्रियामा मूल्याङ्कनकर्ताहरुबाट प्रस्तावको प्राविधिक मूल्याङ्कन हुनेछ । दोश्रो चरणको प्रक्रियामा प्रस्ताव पेश गर्ने व्यक्ति स्वयम् उपस्थित भई मौखिक प्रस्तुतीकरण गर्नुपर्ने छ । यसरी दुवै चरणको प्रक्रिया पूरा भई उत्तिर्ण भएपछि मात्र लघु अनुसन्धान प्रस्ताव स्वीकृत गरिनेछ ।

(ख) अन्तिम अनुसन्धान प्रतिवेदन मूल्याङ्कन विज्ञ सहित यस निर्देशनालयले गर्नेछ ।

७. अनुसन्धान केन्द्रबाट गराइने लघु अनुसन्धान मुलभूत रुपमा अध्ययन अध्यापन विधिमा सघाउ पुऱ्याउने प्रकृतिको हुनुपर्ने छ । यस प्रकारका अनुसन्धान प्राज्ञिक, नवीन क्षेत्रहरु उजागर गर्ने, प्राज्ञिक कार्यक्रमहरुको स्तरवृद्धि गर्ने, साथै प्राज्ञिक मूल्य र मान्यतालाई उच्च कायम राख्ने दिशा तर्फ केन्द्रित हुनपर्ने छ ।

८. लघु अनुसन्धानकर्ताले अन्तरवार्ताको ७ दिन अगाडि अन्तिम अनुसन्धान प्रतिवेदन यस केन्द्रमा पेश गर्नुपर्ने छ ।

९. त्रि. वि. अनुसन्धान निर्देशनालयले निर्धारण गरेको कुनै पनि आधारलाई अनुसन्धानकर्ताहरुबाट पालना भएको नपाइएमा त्यस्ता अनुसन्धानकर्ताहरुलाई कुनै पनि समय वर्खास्त गर्न सकिनेछ । त्यसरी रद्द भएको अवस्थामा किस्ताका रुपमा

अनुसन्धानकर्ताहरुलाई भुक्तानी गरेको रकम बाँकी वक्यौताका रुपमा सम्बन्धित प्रक्रिया अपनाई असुल उपर गरिने छ ।

१०. लघु अनुसन्धान प्रस्ताव स्वीकृत पश्चात अनुसन्धानकर्ताले पाउने अनुदान रकम देहाय अनुसार ३ किस्तामा भुक्तानी गरिनेछ :

- पहिलो किस्ता कुल तोकिएको रकममा ४० प्रतिशत
- दोश्रो किस्ता कुल तोकिएको रकममा ३० प्रतिशत
- तेश्रो तथा अन्तिम किस्ता कुल तोकिएको रकमको ३० प्रतिशत (कम्तीमा एउटा अनुसन्धनात्मक लेख रचना प्रकाशित गरेपछि मात्र भुक्तानी दिइने)

११. स्वीकृत भएको मितिले अनुसन्धान कार्यको समय अवधि १ बर्षको हुनेछ ।